बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

प.सं.-वि.स.४०।०७५।०७६

च.नं.२१९८

# परिपत्र नं.०३।०७५

श्री इजाजत प्राप्त जीवन वीमा, निर्जीवन वीमा तथा पुनर्वीमा कम्पनीहरू,

विषयः <u>संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७५ मा भएको व्याख्या तथा थप सम्बन्धमा ।</u>

बीमा समितिबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७५ को निम्न लिखित दफाहरुका सम्बन्धमा तपशिल बमोजिमको व्याख्या तथा थप गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि यो परिपत्र गरिएको छ ।

<u>तपशिल</u>

क. समितिबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद–२ दफा ६ (ख), सञ्चालकको योग्यता अन्तर्गत निम्न व्यवस्था गरिएको ।

“स्नातकोपाधी हासिल गरेको र विदेशी वा स्वदेशी बीमकका बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रको संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा ३ वर्ष कार्य गरेको”

उपरोक्त सम्बन्धमा सम्बन्धित क्षेत्रको संगठित संस्था भन्नाले “बैंक वा वित्तीय क्षेत्रका संस्थाहरु, बीमा कम्पनीहरु निक्षेप स्वीकार गर्ने प्रयोजनका लागि गठन गरिएका संस्थाहरु” भनि व्याख्या गर्ने ।

ख. समितिबाट जारी भएको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद–१० विविध अन्तर्गतको दफा ६१ खारेजी र बचाउ अन्तर्गत उपदफा (२) मा निम्न व्यवस्था रहेको ।

“बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७३ बमोजिम भए गरेको सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ”

उपर्युक्त उपदफामा निम्न लिखत प्रतिबन्धात्मक बाक्यांश “तर समितिबाट जारी गरिएको बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ जारी हुन भन्दा पहिले नियुक्त भएका सञ्चालक तथा प्रमुख कार्यकारीहरुमा पनि समितिबाट जारी भएको बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ बमोजिमको योग्यता हुनुपर्ने ।” थप गरिएको छ ।

ग. समितिबाट जारी गरिएको “बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५” को परिच्छेद–२ दफा ६ (ग) संचालकको योग्यता र परिच्छेद–५ दफा २८ (२) (क) र (ख) कार्यकारी प्रमुखको योग्यता सम्बन्धमा भएको “गणित” विषयको सम्बन्धमा “स्नातक तह अन्तर्गत विज्ञान विषय २०० पूर्णाङ्कको गणित विषयको पढाई सहितको लब्धाङ्कपत्र प्राप्त भएकोलाई बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को मापदण्ड अनुरुप “गणित” विषयमा योग्यता पुगेको” भनि व्याख्या गर्ने ।

भवदीय,

(राजुरमण पौडेल)
नि.कार्यकारी निर्देशक

पो.ब.नं. २१७२, कुपण्डोल–१०, ललितपुर, नेपाल, फोनः ०१–५५२१०७९, ५५३८७४३, फ्याक्सः ०१–५५२०११९, टोल फ्रि नं.: १६६०–०१–५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np